द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाण्डौ।

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER SOCIETY
२०६५

**ज्ञापन-पत्र**

**न्याय प्रशासनको प्रभावकारीता र न्याय परिषद् नियमावलीको पहिलो संशोधन खारेजी सम्वन्धमा।**

न्यायपालिकामार्फत हुने प्रभावकारी न्याय सम्पादन तथा न्याय निरोपणमा न्यायिक जनशक्तिको भूमिका प्रमुख रहन्छ । अदालतमा कार्यरत कर्मचारी र माननीय न्यायाधीशहरुको संयुक्त प्रयासबाट मात्र अपेक्षित नतिजा सम्भव छ । न्याय सेवाभित्र न्याय, सरकारी वकील र कानून समुहमा समुहकृत भई कार्यरत रहेको अवस्था छ । त्यस मध्ये न्याय समूहमा कार्यरत जनशक्तिको काम न्यायिक प्रक्रिया र न्याय सम्पादनमा सहयोगी भूमिकामा देखिन्छ । ती जनशक्तिको मनोबल बढाई वृत्तिविकासका अवसर प्रदान गरी काम तथा जिम्मेवारीमा खटाउदा न्यायिक कार्य सम्पादनलाई नतिजामुखी बनाउन सकिन्छ । न्यायिक जनशक्तिमा पनि खासगरी अधिकृत तथा सहायक कर्मचारीहरुको सेवा, वृत्तिविकासका अवसर र सुविधाहरुलाई सुनिश्चित र अनुमानयोग्य बनाउन सकिएमा मात्र न्यायपालिकाको सेवालाई नतिजामुखी, पारदर्शी, र प्रभावकारी बनाउन सकिन्छ । यसै अभिप्रायबाट न्यायाधीश नियुक्तीका सम्बन्धमा न्याय परिषद(पहिलो संशोधन) नियमावली, २०८० मा २०८०।०६।०१मा संशोधन समेत भइ उक्त प्रावधान कार्यान्वयन रही आएको अवस्थामा न्याय परिषदको निर्णयबाट न्याय परिषद(पहिलो संशोधन) नियमावली, २०८० खारेज गरिएको सुचना कानूनीरुपमा नेपाल राजपत्र को भाग ३ संख्या ५३ मा मिति २०८२।०९।१४ गते प्रकाशन भएपश्चात जानकारी हुन आएको छ । न्याय परिषद भएको यो निर्णय त्यो समग्र न्यायपालिकाका अधिकृत कर्मचारीहरुको अपेक्षा विपरित हुन गएको छ ।

न्यायपालिकामा कार्यरत अधिकृत कर्मचारी र अन्य कर्मचारीहरुको पेशागत हक हित एवं न्याय प्रशासनको सुधारमा योगदान पुर्याउने उदेश्यका लागि संस्थागत रुपमा पहल पैरवीका गर्न न्यायपालिका अधिकृत समाज गठन भई क्रियाशिल हुदै आएको जगजाहेर नै छ । न्याय परिषद(पहिलो संशोधन) नियमावली, २०८० खारेजीको सन्दर्भमा एक प्रमुख सरोकारवालाको रुपमा रहेको समग्र न्यायपालिकाको अधिकृत समाज बेखबर हुनु र सबै अधिकृत कर्मचारीहरुलाई वेवास्ता गरि हठातमा नियमावली खारेज भएको कार्यबाट अधिकृत समाजको गंभिररुपमा ध्यानाकर्षण भएको छ । यसै सन्दर्भमा हाम्रो तर्फबाट सम्माननीय प्रधान न्यायाधिशज्यू र न्याय परिषद्का माननीय सदस्यज्यूहरु समक्ष यो ज्ञापनपत्र प्रस्तुत गरिएको छ ।

**ज्ञापनपत्रको मुख्य एजेण्डा**

न्याय परिषद(पहिलो संशोधन) नियमावली, २०८० खारेज भएको सम्बन्धमा ।

पाना नं. १

Scanned with CamScanner

द.नं. ४०८/०६५/६६
जि.प्र.का. काठमाण्डौं।

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER SOCIETY
## २०६५

ज्ञापनपत्रमा उठाइएका प्रमुख सवालहरु

- न्याय परिषदबाट न्याय परिषद(पहिलो संशोधन) नियमावली, २०८० लाई खारेजीको निर्णय गर्नुभन्दा अगाडी यस विषयमा विभिन्न समयमा नेपाल बार एशोसियसनसंग परामर्श गरेको साथै उक्त संशोधित ब्यवस्था खारेज गरिपाउँ भनी सम्मानित सर्वोच्च अदालतमा निवेदन दर्ता भइ विचाराधीन रहेको अवस्थामा न्याय प्रशासनका अधिकृतहरु प्रमुख सरोकारवालाको रुपमा रहेको विपयमा न्यायापलिका अधिकृत समाज र प्रशासनिक अधिकारीहरुसंग कुनै छलफल नै नगरिकन पूर्णरुपमा वेवास्ता गरि हठात् नियमावली खारेजीको निर्णय भएकोले यसबाट समस्त न्यायपालिका अधिकृतवर्ग अपहेलित र वेवास्तामा परेको अनुभुती हुनुका साथै यस निर्णय समग्र न्याय सेवाका कर्मचारी र अदालतको उच्च प्रशासनिक प्रभावकारिता प्रतिकूल भएको हाम्रो बुझाई रहेको छ ।

- न्याय प्रशासनमा कार्यरत प्रशासकहरुको न्यायाधीश बन्ने सम्बन्धमा संविधानमा ब्यवस्था रहेकै अवस्थामा न्याय परिषद नियमावलीको पहिलो संशोधन गरि गरिएको ब्यवस्था न्यायपालिकाको संस्थागत हित र औचित्य देखिई प्रवन्ध गरिएको यसबाट उच्च प्रशासकहरुको वृत्ति सुरक्षाको महशुस गराई उत्प्रेरित हुने अवस्था रहेकोमा हाल आएर खारेज गर्दा के कारण खारेज गरिएको हो स्पष्ट हुन नसकिएको अवस्था छ ।
- उक्त नियमावलीको संशोधन खारेजीबाट न्यायिक प्रशासकहरुको न्यायाधीश नियुक्ति र नियुक्तिको वरिष्ठता कायम हुने सम्बन्धमा देखिएको अनिश्चिताबाट न्यायपालिकामा कार्यरत अधिकृतहरुको मनोबल र अपेक्षामा नकारात्मक अवस्था सिर्जना भएको साथै हालको अवस्थामा पुराना र अनुभवी इजलास अधिकृतहरुको न्यायाधीशमा बढुवा नियुक्ति हुने वैध अपेक्षामा प्रतिकूल प्रभाव पर्न गएको यस अवस्था समग्र न्याय प्रशासनको प्रभावकारितासंग सम्वन्धित रहेको छ ।
- अवको Judicial Administration लाई उत्प्रेरित गर्ने Tools के रहने हो र प्रभावकारी न्याय प्रशासनको आगामी मार्गचित्र के रहने भन्ने विषय हाल सम्मको अभ्यासको आधारमा समेत अनिश्चितत हुन गएको छ ।

अदालतमा कार्यरत अधिकृतहरुको उपस्थिति र अनुपातिक स्थिति

- न्याय सेवाका सरकारी वकील, कानून र न्याय समुहमा कार्यरत अधिकृतहरुको हालको अवस्था हेर्दा देहायको चित्र रहेको देखिन्छ । यसबाट अधिकृत कर्मचारीको वृत्ति विकासको पथ छरितो नभएको अवस्था छ ।

| समुह | विशिष्टश्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| न्याय | ४ | २४ | २३३ | ८८१ |



Scanned with CamScanner

# न्यायपालिका अधिकृत समाज
# JUDICIAL OFFICER SOCIETY
२०६५

| | | | | |
|---|---|---|---|---|
| कानून | ४ | २८ | ९५ | १७३ |
| सरकारी वकील | ५ | ३८ | १७४ | ३०५ |

हालको अनुपातको संरचनाः

न्याय समुहको हकमा (विशिष्टःप्रथमः द्वितीयःतृतीय श्रेणी — १:६:५८:२२०)

कानून समुहको हकमा (विशिष्टःप्रथमः द्वितीयःतृतीय श्रेणी — १:७:२३:४३)

सरकारी वकील समुहको हकमा (विशिष्टःप्रथमः द्वितीयःतृतीय श्रेणी — १:७:३४:६१)

- लोकसेवा आयोगबाट शाखा अधिकृत र उपसचिव लगायतमा सिफारिसका लागि गरिने छनौटमा नवआगन्तुकहरुबाट न्याय समुह छनौट अन्तिम प्राथमिकतामा पर्ने गरेको देखिन्छ । पछिल्लो अवस्था हेर्दा कर्मचारीले सेवाबाट राजिनामा दिने क्रम बढेको र न्यायाधीश हुने सम्मको अन्तिम लक्ष्यको सहज क्षितिज नदेखेको अवस्थाले उत्प्रेरित नहुने र सेवामा टिकाइ राख्न कठिन भइरहेको अवस्था रहेको छ ।
- न्याय प्रशासन र माननीय न्यायाधीशज्यूहरुको संयुक्त प्रयासबाट न्याय सम्पादनको लक्ष्य प्राप्त हुने र नतिजा प्रभावकारी हुने वास्तविकता रहेकोमा जिल्ला न्यायाधीश र उच्च अदालतको न्यायाधीश र न्याय प्रशासन संचालन गर्न कटिबद्ध प्रशासकहरुको सेवा सुविधा असमान रहेको अवस्थामा पछि न्यायाधीश नियुक्तिको अपेक्षा राखी कार्यरत प्रशासकहरु नियुक्तिको सुनिश्चिता नहुने हो भने योग्यता कायम भएपश्चात न्यायाधीश नियुक्तिको प्रयासमा रहनु पर्ने देखिन्छ । रजिष्ट्रार र मुख्य रजिष्ट्रार भई भुमिका निर्वाह गर्ने प्रशासकहरु सिधै न्यायाधीशमा नियुक्त आफु भन्दा जुनियरको पछाडी रही नियुक्त हुनुपर्ने विडम्बना सिर्जना हुन जाने देखिन्छ । यस्तो अवस्थामा न्यायाधीश नियुक्ति नभइ बाँकी छाडिएका जनशक्तिको मनोबल र उत्प्रेरणामा कमी हुने र यस किसिमको ब्यवस्थाले प्रभावकारी र चुस्त न्याय प्रशासनको अपेक्षा राख्न नसकिने वास्तविकतालाई मध्यनजर राखी चुस्त प्रशासन बनाउन र न्याय सेवामा कर्मचारीलाई टिकाइराख नीतिगतरुपमा र हाललाई असल अभ्यास गरि सुनिश्चिता दिनु आवश्यक रहेको छ ।

ज्ञापनपत्रमा माग गरिएका विषयहरु

- न्याय प्रशासनको प्रभावकारीता विना न्याय सम्पादनमा अपेक्षित उपलब्धी हासिल हुन सक्दैन । अदालतका कर्मचारीको लक्ष्य न्यायाधीश हुने रहन्छ यो अधिकृतहरुको वैध अपेक्षानै हो । यस न्यायपालिका अधिकृत समाजले न्याय परिषद् नियमावली, २०७४ को पहिलो संशोधन २०८० लाई न्याय परिषदले गरेको खारेजी प्रति असन्तुष्टी ब्यक्त गर्दछ । यसर्थ तत्काल नेपालको संविधानको धारा १२९ र १४० बमोजिम सर्वोच्च



Scanned with CamScanner

द.नं. ४०८/०६५/६६

जि.प्र.का. काठमाण्डौं।

# न्यायपालिका अधिकृत समाज

# JUDICIAL OFFICER SOCIETY

## २०६५

अदालत र उच्च अदालतको न्यायाधीश नियुक्तीमा न्याय प्रशासनका उच्च अधिकारीहरुको नियुक्तीका सम्बन्धमा व्यवस्था रहेकै छ । तत्काल देहायबमोजिमको माग सम्बोधन हुनेगरि असल अभ्यास मार्फत नजिर कायम गरियोस भन्ने यस समाज जोडदार माग गर्दछौ ।

- रिक्त रहेको सर्वोच्च अदालतको न्यायाधीश र उच्च अदालतको मुख्य न्यायाधीशमा योग्यता पुगेका क्रमशः विशिष्ट श्रेणीका मुख्य रजिष्ट्रार, रजिष्ट्रारलाई तत्काल नियुक्ति गरि असल अभ्यासको शुरुवात होस् ।
- उच्च अदालतको न्यायाधीश हुन योग्यता पुगेका न्याय सेवा, न्याय समुहका विशिष्ट र प्रथम श्रेणीका अधिकृतहरुवाट रिक्त रहेको उच्च अदालतको न्यायाधीश पदमा प्राथमिकता दिई नियुक्ति गरियोस ।
- न्याय सेवा, न्याय समुहका अधिकृतहरुलाई राजपत्रांकित द्धितिय तहमा र राजपत्रांकित द्धितिय तहका कर्मचारीलाई जिल्ला न्यायाधीश र राजपत्रांकित प्रथम श्रेणीमा जाने बाटो फराकिलो हुने गरि कर्मचारीको वृत्ति सहज र प्रभावकारी बनाउन सकिन्छ न्यायीक नेतृत्वबाट विशेष चासो प्रदान गरि तत्काल O&M सर्भे गरियोस ।

पछिल्ला दिनहरुमा समग्र न्यायपालिका प्रतिनै सार्वजनिक रुपमा भैरहेको प्रहार र अनर्गल प्रचार समेतका आक्रमणको प्रतिरोध उत्प्रेरित कर्मचारीबाट मात्र सम्भव छ । अदालतका कर्मचारी स्वयमलाई नै उत्प्रेरित गर्नुको अलावा निरुत्साहित र अपमानित महशुस हुने प्रकृतिका कार्यले स्थितिलाई अझै जटिल बनाउन सक्ने हुँदा यसप्रति ध्यान पुऱ्याइयोस ।

न्यायपालिकाको पुर्नसंरचना गरि सर्वोच्च अदालतमा माननीय न्यायाधीशको अधिकतम अवधीको किटान, न्याय परिषद्को पुर्नसंरचना, विशिष्टिकृत अदालतहरुको स्थापना र सहभागिता साथै अदालत संचालनमा नविनतम अभ्यासमा जोड दिइयोस ।

(अविधान सापकोटा)
महासचिव

(निराजन पाण्डे)
का.वा. अध्यक्ष

मिति २०८२/०५/१८/०६